नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(प्रारम्भिक बालविकास शाखा)

सानोठिमी,भक्तपुर

प.सं. ०७९/०८०

च.नं. १६

मिति : २०७९/११/०५

**विषय: प्रस्ताव पेश गर्ने बारे ।**

प्रस्तुत विषयमा आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "प्रारम्भिक बालविकास तथा शिक्षा सवलीकरण कार्यनीति" को मस्यौदा तयार गर्नुपर्ने भएको हुँदा निम्नानुसार तोकिएको कार्यक्षेत्रगत शर्त अनुसारका कार्यहरु गर्न र उक्त कार्यको लागि आवश्यक योग्यता भएका परामर्शदाताहरुबाट २०७९ फाल्गुण ११ गतेसम्म कार्यालय समयभित्र यस केन्द्रमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

(धनसूदन चौलागाईं)

शाखा अधिकृत

<u>तपशिल</u>

**क) परामर्शदाताको कार्यक्षेत्र र निजले गर्नुपर्ने काम**

- प्राम्भिक बालविकास तथा शिक्षा सवलीकरण कार्यनीतिका लागि सुझाव संकलनको खाका तयार गर्ने ।
- सुझाव संकलनका लागि धुलिखेलमा सञ्चालन गरिने राष्ट्रिय स्तरको र बर्दिबासमा सञ्चालन गरिने फिल्डस्तरको कार्यशालामा उपस्थित भई सुझाव टिपोट र संग्रह (Compilation) गर्ने ।
- प्राप्त सुझावहरु समेटेर कार्यनीतिको प्रारम्भिक मस्यौदा तयार गर्ने ।
- प्रारम्भिक मस्यौदा प्रतिवेदन केन्द्रमा प्रस्तुत गर्ने र छलफल गराउने ।
- प्राप्त सुझाव र पृष्ठपोषण समाविष्ट गरी अन्तिम मस्यौदा तयार गरी पेश गर्ने ।

ख) **परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता**

- शिक्षा शास्त्रमा कम्तीमा स्नातकोत्तर तह उतीर्ण गरी प्रध्यापन वा अध्ययन वा अनुसन्धानमा कम्तीमा ५ वर्षको अनुभव भएको ।
- प्रारम्भिक बालविकास तथा शिक्षा मूल विषय लिई उच्च शिक्षा अध्ययन गरेका/ प्रारम्भिक बालविकास तथा शिक्षाका क्षेत्रमा काम गरेकालाई विशेष प्राथमिकता ।

ग) परामर्शदाताले २०७९ फागुन महिनाको १५ गते देखि काम शुरु गरी बैशाख मसान्तसम्म काम सम्पन्न गरिसक्नुपर्नेछ ।

घ) संलग्न गर्नुपर्ने कागजातको विवरण

| व्यक्तिगत परामर्शदाताको हकमा | संस्थागत परामर्शदाताको हकमा |
|---|---|
| निम्न कागजातसहित व्यक्तिगत विवरण (Bio- Data):<br>• नेपाली नागरिकताको प्रमाणपत्र<br>• स्थायी लेखा नम्वर<br>• शैक्षिक योग्यताका प्रमाणपत्रहरु<br>अनुभव खुल्ने कागजात | निम्न विवरणसहित यस केन्द्रमा सूचिकृत भएको हुनुपर्नेछ :<br>• संस्था दर्ताको प्रमाणपत्र<br>• चालु आर्थिक वर्षसम्मको कर चुक्ता विवरण<br>• अनुभव खुल्ने कागजात<br>• संलग्न जनशक्तिको योग्तासहितको विवरण |

नोट : थप जानकारीको लागि यस केन्द्रको प्राम्भिक बालविकास शाखामा सम्पर्क राख्न सकिनेछ ।